अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ , संख्याः ५, गोरखा, असार १२ गते २०८२ साल

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिका सार्वजानिक जग्गा एंव सम्पत्तिको संरक्षण र उपयोग सम्बन्धी ऐन, २०८२ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

**सार्वजानिक जग्गा एंव सम्पत्तिको संरक्षण र उपयोग सम्बन्धी ऐन, २०८२**

# अजिरकोट गाउँपालिका

## सार्वजानिक जग्गा एंव सम्पत्तिको संरक्षण र उपयोग सम्बन्धी ऐन, २०८२

अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८२

गाउँपालिकामा भइरहेका सार्वजानिक तथा पर्ति जग्गाको उचित संरक्षण गरी सो को प्रभावकारी उपयोगबाट गाउँपालिकाको आयमा समेत वृद्धि गर्ने अभिप्रायले यो सार्वजानिक जग्गासम्बन्धी ऐन २०८२ तर्जुमा गरिएको छ। गाउँपालिकाको महत्वपूर्ण स्रोतको रुपमा रहेको जग्गाको सार्वजानिक उपयोग, संरक्षण र व्यवस्थापन गर्ने विषयलाई समेत यो ऐन मार्गदर्शक बन्नेछ। यस्तो ऐनको अभावमा सार्वजानिक जमिनको अनियन्त्रित र अव्यवस्थित प्रयोग हुन गई गाउँपालिकाको आयमा समेत प्रतिकुल असर पर्न सक्ने, जग्गा अतिक्रमण हुनसक्ने, जग्गा संरक्षण तथा उपयोग ऐनका आधारमा नै गाउँपालिकाले यस सम्बन्धी योजना तथा कार्यक्रमहरु तर्जुमा एंव कार्यान्वयन गर्न सहज हुने देखिएकोले नेपालको संविधानको धारा २२६ र स्थनीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** क) यो ऐनको नाम “अजिरकोट गाउँपालिका सार्वजानिक जग्गा एंव सम्पत्तिाको संरक्षण र उपयोग सम्बन्धी ऐन २०८२” रहेको छ ।

ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमाः

क) “सार्वजानिक जग्गा” भन्नाले नेपाल सरकारको स्वमित्वमा भई हाल स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिकाको रेखदेख र संरक्षणमा रहेको जग्गा सम्झन पर्छ।

ख) “सार्वजानिक सम्पत्ति ” नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हक, स्वामित्व, नियन्त्रण अधीनमा रहेको सम्पत्तिलाई सम्झन पर्दछ।

ग) “संरक्षण ” भन्नाले गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण सार्वजानिक जग्गाको अभिलेख, यसमा गाउँपालिकाको नियन्त्रण र त्यस्ता जग्गाको उचित सरक्षण र उपयोग समेतलाई जनाँदछ।

घ) “अध्यक्ष वा उपाध्यक्ष ” भन्नाले अजिरकोट गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्षलाई सम्झनुपर्छ।

ङ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ।

च) “वडा” भन्नाले अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तगर्तका रहेका वडा सम्झनु पर्छ।

छ) “कार्यालय” भन्नाले अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

ज) “स्थानीय तह” भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनुपर्छ।

झ) “पहिलो पक्ष” भन्नाले अजिरकोट गाउँपालिका गाउँ कार्यालयको कार्यालय सम्झनु पर्छ।

ञ) “दोस्रो पक्ष” भन्नाले सार्वजानिक जग्गा एंव सम्पत्ति उपयोगका लागि गाउँपालिकासँग सम्झौता गर्ने पक्ष सम्झनुपर्छ ।

## ३. सार्वजानिक पर्ति जग्गाको विवरण संकलन गर्ने

३.१) गाउँपालिका भइरहेका सार्वजानिक जग्गा एंव सम्पत्तिको लागत तयार गर्ने अभिलेख राखिनेछ। उक्त कार्यमा वडा समितिसमेत सार्वजानिक सम्पत्तिको संरक्षण र अभिलेख कार्यमा जिम्मेवार हुनु पर्नेछ ।

## ४. सार्वजानिक जग्गा संरक्षण गर्न सकिने क्षेत्रहरुः

४.१) यस गाउँपालिकामा भइरहेका सार्वजानिक जग्गा ऐतिहासिक, पुरातात्विक, सास्कृतिक तथा धार्कि महत्वका सम्पदा प्राचीन स्मारक, सार्वजानिक तथा सामुदायिक भवन, सार्वजानिक, ऐलानी पर्ति जग्गा, प्रयोगमा आएका नआएका सम्पत्तिको संरक्षण गरिनेछ।

४.२) खुला चोक, घाट पार्टि पौवा धर्मशाला। धार्मिक तथा सार्स्कतिक स्थल, डाडापाखा चरन पानीको मुहान खोला पोखरी तलाउ इनार कुवा धारा ढुंगेधारा गुठीघर बाटो सडक पुलपुलेसा कुलो नगरहरुको लगत तयार गरी संरक्षण गरिनेछ। संरक्षित जग्गालाई एंव सम्पत्तिलाई गाउँपालिका आफै वा कानुन बमोजिम निजी क्षेत्रले प्रयोग गरी उपयोग गर्न सक्नेछ ।

## ५. सार्वजानिक जग्गा एंव सम्पत्ति हानी नोक्सानी सम्बन्धमा व्यवस्था:

५.१) गाउँपालिकामा भइरहेका सार्वजानिक जग्गा एंव सम्पत्तिलाई सदुपयोग एंव हानी नोक्सानी हुने कुनै पनि कृयाकलाप गर्न पाइने छैन।

५.२) गाउँपालिकामा क्षेत्रभित्र रहेका सार्वजानिक जग्गा एंव सम्पत्ति र संरचनामा कुनै पनि व्यक्ति वा संस्थाले हानी नोक्सानी वा क्षति पुर्याएमा क्षतिको मुल्यांकन गरी विगो कायम गरी उक्त बराबरको बिगो र थप जरिवानासमेत गरिनेछ ।

## ६. सार्वजानिक जगा उपयोग गर्न सकिने क्षेत्रहरु:

६.१) जग्गाको स्वरुपमा परिवर्तन नहुने गरी सार्वजानिक जग्गाको रुपमा प्रयोग हुँदै आइरहेको जग्गालाई गाउँपालिकाको आय वृद्धिमा उपयोग गर्रिनेछ।

६.२) गाउँपालिकाको समग्र हित हुने खालको अन्य कार्यहरुमा गाउँपालिकामा भएका सार्वजानिक जग्गाको प्रयोग गर्न सकिनेछ।

६.३) नेपाल सरकार प्रदेश सरकार र अन्य सार्वजानिक निकायबाट निर्माण भएका भौतिक संरचनाहरु तर कार्यान्वयनमा नआएका यस्ता संरचनालाई गाउँपालिकाको हितमा उपयोग गर्न सकिनेछ वा गाउँपालिकाकाले त्यसको उपभोगको लागि कानुन बमोजिम नीजि क्षेत्रलाई दिन सक्नेछ।

६.४) महत्वपूर्ण धार्मिक पर्यटकिय सार्वजानिक जग्गा गाउँपालिकाले सम्बन्धित निकायसँग समन्वय गरी लगत कट्टा गर्न सक्नेछ।

६.५) हरियाली वन क्षेत्रमा रहेका सार्वजानिक जग्गामा वातावरणीय असर पर्ने खालका कुनै प्रकारका संरचना बनाउने उदेश्यले उपयोग गरिने छैन ।

## ७. सार्वजानिक जग्गा एंव सम्पत्ति उपयोग गर्ने प्रकृया:

७.१) दफा ३ बमोजिम पहिचान भएका सार्वजानिक जग्गा एंव सम्पत्तिलाई देहाय बमोजिम उपयोगमा ल्याइनेछ।

क) गाउँपालिकाले आफ्नो लगानीमा उक्त जग्गमा संरचना निर्माण एंव सुधार गर्न सक्ने।

ख) नीजी क्षेत्रलाई अन्य व्यापारिक प्रायोजन नभई पर्यटकिय संरचना निर्माण जस्तै पार्क, उद्यान, निर्माण गरी पर्यटकहरुलाई आर्कषित गर्ने उदेश्यका साथै नीजी क्षेत्रबाट प्रस्ताव माग गर्न सकिनेछ।
ग) कुनै पनि सार्वजानिक जग्गामा भौतिक संरचना निर्माण गरी प्रयोगमा नआएका यस्तो संरचनामा रहेका फर्निचर, फिक्चर्स, मेशीनरी औजार वा यस्तै सामाग्री उपयोग नभई नष्ट हुने देखिएमा त्यस्तो सामाग्री गाउँपालिकाको नियमानुसार उचित प्रयोगमा ल्याउन सकिनेछ।
घ) नीजी क्षेत्रलाई उक्त जग्गा एंव सम्पत्ति प्रदान गरी सो जग्गा उपयोग गर्ने कार्यमा सहजीकरण सिफारिस गर्न देहाय अनुसारको सहजीकरण सिफारिस समिति रहनेछ।
सार्वजानिक जग्गा एंव सम्पतिको रहेको वडाको वडा अध्यक्ष ..........................................................................**संयोजक**
कार्यपालिका सदस्यबाट गाउँ अध्यक्षले तोकेको महिलासहित ............२
**सदस्य**
प्राविधिक शाखा
प्रमुख.............................................................................**सदस्य**
योजना अधिकृत ...................................................................**सदस्य**
**सचिव**
कुनै सार्वजानिक जग्गा एंव सम्पत्ति १ देखि बढी वडासम्म फैलिएर रहेको अवस्थामा सबैभन्दा बढी क्षेत्रफल ओगट्ने वडा अध्यक्ष उपरोक्त समितिको संयोजक रहनेछ र अर्को वडाका अध्यक्षहरु सदस्य रहनेछ ।

**८. सार्वजानिक जग्गा उपयोगमा ल्याउनका लागि आवश्यक प्रकिया:**
८.१) सार्वजानिक जग्गा एंव सम्पत्ति उपयोग गर्न निजीलाई संलग्न गराउनका लागि देहायका प्रकिया पुरा गर्नुपर्नेछ।
क) गाउँ कार्यपालिबाट सार्वजानिक जग्गा उपयोगमा ल्याउन उपयुक्त भएको ठहर

ख) सार्वजानिक जग्गा एंव सम्पत्तिको प्रयोग निश्चित संरचना निर्माण सहित गाउँपालिकाको तर्फबाट प्रयोग गरिने हो वा जग्गाको स्वरुप परिवर्तन नहुने गरी निजीलाई प्रदान गरिने हो सो वारे एकिन गर्ने
ग) सार्वजानिक जग्गाको उपयोग एंव सम्पत्तिबाट गाउँपालिकालाई हुने लाभको विश्लेषणसहित सहजीकरण समितिको सिफारिस
घ) कार्यपालिकाले आवश्यक छलफल गर्ने
ङ) गाउँ कार्यपालिकाबाट प्रस्तावको उपयुक्त भएको ठहरसहितको निर्णय
च) सार्वजानिक जग्गगा एंव सम्पत्तिको संरक्षण र सुधार सहित सामान्य संरचना निर्माण गरी गाउँपालिकाले तोकी दिएको शुल्क लगानीकर्ता निजी क्षेत्रलाई संकलन गर्न सक्ने
छ) यसरी संकलन गरिने रकम मध्य गाउँ कार्यपालिकाले तोके अनुसार निश्चित रकम वार्षिक गाउँपालिकालाई बुझाउन पर्नेछ ।

## ९. कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुने

९.१) सार्वजानिक जग्गा एंव सम्पत्तिको संरक्षण र उपयोगका सम्बन्धमा कुनै विवाद भएमा गाउँ कार्यापालिकाको निर्णय अन्तिम हुनेछ ।

## १०. सम्झौता पुनरावलोकन गरिने

१०.१) यस पुनरावलोकनका क्रममा लाभ लागत विश्लेषण गरी सम्झौतामा दबै पक्ष सहमतिमा आवश्यक बुँदा थपघट गर्न सकिने
१०.२) उपदफा १ बमोजिम पुनरावलोकनका लागि सहजीकरण समितिले अध्ययन गरी समसामायिक रुपमा सम्झौतामा गर्नपर्ने हेरफेरका सम्बन्धमा गाउँपालिका समक्ष सिफारिस गर्ने
१०.३) उपदफा १ बमोजिम बजारको अवस्था विश्लेषण गरी वार्षिक श्रपमा बुझाउन सहमत भएको रकमका सन्दर्भमा दुबै पक्ष सहमत भई १० प्रतिशत रकम थप गर्न गाउँ कार्यपालिकामा  सिफारिस गर्ने ।

## ११. सम्झौताका शर्तहरु उल्लघंन भएमा सम्झौता तोड्न सकिने

११.१) सार्वजानिक जग्गा एंव सम्पत्तिको उपयोगका लागि भएको सम्झौताका शर्तहरु पूर्ण रुपमा पालना गर्नुपर्नेछ। शर्तहरुको पालना नगरिएको खण्डमा तत्काल सम्झौता रद्ध गरी यसबाट भएको हानी नोक्सानी समेत दोस्रो पक्षसँग असुलउपर गरिने छ ।

## १२. नियमित अनुगमन र प्रतिवेदन हुने

१२.१) सम्झौता बमोजिम दोस्रो पक्षबाट हुने काम कारवाहीका सम्बन्धमा गाउँपालिकाका तर्फबाट नियमित अनुगमन गरिनेछ।

१२.२) दोस्रो पक्षले प्रत्येक वर्ष भए गरेका कामहरु उपलब्धीहरु एंव आइपरेका समस्या समाधानका उपायसहितको प्रतिवेदन प्रशासन शाखाबाट गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

## १३) बचाउ र खारेजीः

१३.१यो ऐन लागु हुनुभन्दा अघि सार्वजानिक जग्गा एंव सम्पत्तिको संरक्षण तथा उपयोग सम्बन्धी यस गाउँपालिकाबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए सरह मानिनेछ।

१३.२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएका कुराहरु सोही बमोजिम र नलेखिएका कुरामा प्रचलित कानुनु बमोजिम हुनेछ।

१३.३) यो ऐन संविधान तथा संघीय र प्रदेशको कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म बदर हुनेछ ।

**आज्ञाले**

**रचना बुढाथोकी**

**प्रमुख प्रशासकीय अधिकृत**